मुद्रकः मुद्रण विभाग, सिंहदरबार, काठमाडौं, नेपाल ।

कार्यालय प्रयोजनको लागि मात्र

आ. व. २०७५/७६ मा सञ्चालन गरिने

कार्यक्रमहरू कार्यान्वयनको एकीकृत कार्ययोजना

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं
२०७५, असार

कार्यालय प्रयोजनको लागि मात्र

आ.व. २०७५/७६ मा संचालन गरिने

कार्यक्रमहरू कार्यान्वयनको एकीकृत कार्ययोजना

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

२०७५, असार

आ.व. २०७५/७६ मा संचालन गरिने कार्यक्रमहरू कार्यान्वयनको एकीकृत कार्ययोजना

प्रकाशकः

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,
प्रशासन तथा योजना महाशाखा,
योजना, अनुगमन तथा मूल्यांकन शाखा
सिंहदरबार, काठमाडौं ।
फोनः ९७७-१-४२००२४७, ४२००४४२, ४२११८२३
फ्याक्सः ९७७-१-४२११९१७
इमेलः ppme@moic.gov.np

मुद्रकः मुद्रण विभाग, सिंहदरबार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं.
च.नं.

मन्तव्य

नेपाल सरकारको 'समृद्ध नेपाल र सुखी नेपाली' को नारा र सम्माननीय प्रधानमन्त्रीको सदुपयोगको सिद्धान्तलाई साकार पार्न सिमित श्रोत साधनको अधिकतम परिचालन गरी जनताका आवश्यकता पूरा गर्न आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम र बजेट संघीय संसदबाट स्वीकृत भैसकेको छ । मुलुकको आर्थिक सामाजिक रुपान्तरणका लागि सुशासनका माध्यमबाट शासकीय प्रणालीमा प्रभावकारिता ल्याउन वार्षिक बजेटको सफल र योजनाबद्ध कार्यान्वयन हामी सबैको पहिलो कर्तव्य हो ।

स्पष्ट लक्ष्य, लक्ष्य प्राप्तिको दृढ संकल्प, लक्ष्य अनुरुपको कार्यक्रम र कार्यक्रम सफल पार्ने सुदृढ कार्यप्रणाली एवं समय तालिका सहितको अनुगमनबाट हामी नतिजा भेट्टाउन सक्षम हुनेछौं । त्यसै अनुरुप मन्त्रालय एवं सम्बद्ध निकायहरूले आगामी वर्ष गर्ने आ-आफ्नो कृयाकलापहरूको चरणबद्ध कार्यसूची संलग्न गरिएको यस पुस्तकले सबै निकायहरूको सामुहिक प्रतिबद्धता प्रस्तुत गर्दछ । सामूहिक जवाफदेहिता उजागर गर्ने यो प्रकाशनले संविधानमा लेखिएका राज्यका निर्देशक सिद्धान्त र राज्यका नीतिहरू, आवधिक योजनाले लिएको लक्ष्य, नेपाल सरकारका नीतिहरूको कार्यान्वयन भई समग्र सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा तोकिएको लक्ष्य हाँसिल हुनेछ, जसले मुलुकको दिगो विकास र आर्थिक बृद्धिमा समेत टेवा पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस एकीकृत कार्ययोजनाको प्रकाशनबाट कार्यान्वयन तहमा संलग्न व्यक्ति र संस्थाहरूबीचको समन्वय प्रभावकारी हुने तथा एकीकृत र संगठित प्रयास अघि बढाउन बल पुग्नेछ, साथै लाभान्वित हुने क्षेत्रले समयमै लाभ प्राप्त गर्ने निश्चित छ । यो कार्ययोजना तर्जुमा गर्न आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने सबै पदाधिकारीहरूलाई धन्यवाद दिन चाहन्छु ।

मा. गोकुल प्रसाद बाँस्कोटा
मन्त्री
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

असार, २०७५

फोन नं. : ४२११५५६, ४२११६५०, ४२११६१५, फ्याक्स नं.: ४२११७२९, ४२११६१०
Email : info@moic.gov.np, Website : www.moic.gov.np

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं.
च.नं.

प्रतिबद्धता

राजनैतिक संक्रमण पश्चात गठन भएको वर्तमान सरकारले आर्थिक समृद्धि उन्मुख नीति तथा कार्यक्रम ल्याएको छ । यस सन्दर्भमा प्रत्येक निकायले नेपाल सरकारले चाहे अनुरुप आर्थिक समृद्धि प्राप्त गर्न स्वीकृत कार्यक्रमको कार्यान्वयन तोकिएको समय अगावै गर्न जरुरी छ । आगामी वर्षहरूमा यस क्षेत्रको उच्च विकास गर्न यो वर्ष आधार वर्षका रुपमा रहनेछ । त्यस हिसावबाट समेत यो कार्ययोजना पुस्तिकाले छुट्टै महत्व राख्दछ ।

स्वीकृत कार्यक्रमहरुका सम्बन्धमा स्पष्ट जिम्मेवारी एवं चरणबद्ध कार्यान्वयन कार्ययोजना बनाई अघि बढेमा समयमा कार्य सम्पन्न भै सरकारका भावि योजनाहरुले लक्षित प्रतिफल हाँसिल गर्न सक्ने देखिएकोले मन्त्रालयका महाशाखा/शाखा तथा सम्बद्ध निकायहरुलाई आफ्ना वार्षिक कार्यक्रमहरुलाई समयवद्ध कार्ययोजना तालिका पटक पटक गरिएको प्रत्यक्ष छलफलका आधारमा प्राप्त कार्ययोजनाहरूलाई यस पुस्तकमा समेटिएको छ ।

योजनाबद्ध रुपमा सूचिकृत गरिएका कृयाकलापहरुको यस सँगालोवाट सम्बन्धित महाशाखा/शाखा स्यवं परिचालित हुन सक्ने, नेतृत्वतहवाट समय समयमा प्रगति अनुगमन गरी निर्देशन दिन सक्ने तथा सेवाग्राहीवाट समेत मुल्यांकन गर्न सकिने वातावरण बन्न गई यस आर्थिक वर्षमा लक्षित सवै कार्यक्रम पुर्ण रुपमा सफल हुनेमा विश्वस्त छु । साथै कार्यक्रम समयमा सम्पन्न गर्न नसक्ने जिम्मेवार प्राप्त अधिकारी उपर यसैको आधारमा मूल्याङ्कन तथा सजायको भागि बनाउन पनि त्यत्तिकै जरुरी छ । यस विषयलाई पनि यस प्रतिवेदनमा आत्मसात गरिएको छ । पुस्तिका मन्त्रालयको वेभसाइटमा समेत उपलव्ध हुनेछ ।

अन्त्यमा, एकीकृत कार्ययोजना निर्माण गर्न सहयोग गर्नु हुने सवैमा आभार व्यक्त गर्दै कार्यान्वयन चरणमा सवैको ध्यानाकर्षण गराउदैं सम्बद्ध पक्षको निरन्तर सहयोगको अपेक्षा गरेको छु ।

महेन्द्र मान गुरुङ्ग
सचिव

असार, २०७५

फोन नं. : ४२११५५६, ४२११६५०, ४२११६१५, फ्याक्स नं.: ४२११७२९, ४२११६१०
Email : info@moic.gov.np, Website : www.moic.gov.np

विषय-सूची

विषय	पृष्ठ
परिच्छेद १	**१**
१.१ पृष्ठभूमी	१
१.२ कार्ययोजनाको आवश्यकता र औचित्य	१
१.३ कार्ययोजना तयार गर्दा अवलम्वन गरिएका आधारहरू	१
१.४ कार्ययोजना अनुगमन र मूल्याङ्कनको व्यवस्था	२
१.५ कार्ययोजनाको समीक्षा	२
१.६ मन्त्रालयको आगामी कार्यदिशा	२
परिच्छेद २	**५**
आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित बुँदाहरूको कार्यान्वयन कार्ययोजना	५
परिच्छेद ३	**२५**
आर्थिक वर्ष २०७५/०७६ को मन्त्रालय र अन्तर्गतका निकायहरूको वार्षिक कार्यक्रमहरूको कार्यान्वयन कार्ययोजना	२५
अनुसूची १	**६५**
एकीकृत कार्ययोजना	६५
अनुसूची २	**१३३**
आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख नभएको तर सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्न खोजेका नवप्रवर्तन कार्यक्रम र सोको कार्यान्वयन कार्ययोजना	१३३
अनुसूची ३	**१३७**
आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्बद्ध कार्यक्रम तथा सोको एकीकृत कार्यान्वयन कार्ययोजना सम्बन्धी सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष गरिएको मन्त्रालयको प्रस्तुतीकरण	१३७
अनुसूची ४	**१४७**
आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित बुँदाहरूको कार्यान्वयन निर्देशिका	१४७
अनुसूची ५	**१८३**
आ.ब. २०७५/७६ को नीति तथा कार्यक्रमको अनुगमन कार्ययोजना	१८३
अनुसूची ६	**१९७**
आ.ब. २०७५।७६ को विनियोजित बजेट	१९७

परिच्छेद १

१.१ पृष्ठभूमी

बजेट कार्यान्वयनको चाप आर्थिक वर्षको पछिल्ला महिनाहरूमा बढी हुने अवस्थालाई मध्यनजर गरी आर्थिक वर्षको शुरुदेखि नै बजेटलाई कार्यान्वयनमा लैजाने र लक्ष्य अनुरुप वित्तीय र भौतिक प्रगति हासिल गर्ने सोच अनुरुप २०७५ जेठ १५ गते व्यवस्थापिका संसदवाट विनियोजन विधेयक स्वीकृत भइसकेको छ ।

बजेटको प्रभावकारी कार्यान्वयनको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त निर्देशन बमोजिम आ.व. २०७५/७६ को नीति तथा कार्यक्रम र बजेट वक्तब्यमा उल्लेखित कार्यक्रमहरूको विस्तृत क्रियाकलाप, सम्पन्न गर्नु पर्ने समय सीमा, लागत, वार्षिक तथा आ.व ०७९/८० सम्मको लक्ष्य, उपलब्धी सूचक र जिम्मेवार पदाधिकारी समेत समावेश गरिएको कार्यान्वयन कार्ययोजना तथा मन्त्रालयको आफ्नै पहलमा हुने प्रमुख नव प्रवर्तक कार्यहरूको समेत कार्य योजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसकिएको छ। यसका साथै उक्त एकीकृत कार्यान्वयन कार्ययोजना समयमै लागू गरी मन्त्रालय एवं सम्बद्ध निकायहरूको लक्षित उद्देश्य हाँसिल गर्न आवश्यक औजारको रुपमा रहेको कार्यान्वयन निर्देशिका तथा नीति तथा कार्यक्रमको अनुगमन कार्ययोजना समेत तयार गरी सो निकायमा पेश गरिसकिएको छ।

त्यस्तै अर्थ मन्त्रालयबाट प्राप्त निर्देशन बमोजिम बजेटको प्रभावकारी कार्यान्वयनको लागि आ.व. २०७५-७६ को बजेट वक्तब्यमा उल्लेख भएका कार्यक्रमहरूको सम्पन्न गर्नु पर्ने समय सीमा, जिम्मेवार निकाय, अनुगमन व्यवस्था सहितको कार्यान्वयन कार्ययोजना तयार गरी अर्थ मन्त्रालयमा पेश गरिसकिएको छ।

प्रस्तुत कार्ययोजना मन्त्रालय र मन्त्रालय सम्बद्ध निकायको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा वार्षिक कार्यक्रमको महत्वपूर्ण कार्यक्रमहरूलाई समेटेर तयार गरिएको एकीकृत कार्ययोजना हो ।

१.२ कार्ययोजनाको आवश्यकता र औचित्य

वर्तमान सरकारले आत्मसात गरेको सम्वृद्ध नेपाल र सुखी नेपालीको नारालाई साकार पार्न योजनाबद्ध कृयाकलाप एवं समयको उचित व्यवस्थापन गरी सार्वजनिक खर्चको समुचित व्यवस्थापन गर्नु आजको पहिलो आवश्यकता हो । यसका लागि हामीसँग रहेको सिमित साधन स्रोतको अधिकतम प्रयोग गरी आ-आफ्नो जिम्मेवारी कुशलतापुर्वक निर्वाह गरी लक्षित प्रतिफल प्राप्त गर्नु पर्ने देखिन्छ ।

संविधानप्रदत्त राज्यका निर्देशक सिद्धान्तहरू, मन्त्रालय सम्बद्ध क्षेत्रगत नीतिहरू, आवधिक योजनाका लक्ष्यहरू एवं वार्षिक विकास कार्यक्रमको सम्बोधन आर्थिक कृयाकलापमार्फत कार्यन्वयनमा लैजाने प्रमुख औजारको रुपमा बजेटलाई लिइएको छ । बजेटको प्रभावकारी कार्यान्वयनको लागि योजनाबद्ध कृयाकलाप र जिम्मेवार पदाधिकारीको समायोजन हुन जरुरी देखिन्छ ।

चरणबद्ध कृयाकलापहरूको जिम्मेवार निकाय, सहयोगी निकाय, चौमासिक कार्यविभाजन, कार्यान्यन निर्देशिका एवं अनुगमन कार्ययोजनासमेत समेटेर प्रस्तुत एकीकृत कार्ययोजना तयार गरिएको हो । यसका माध्यमवाट तोकिएको पदाधिकारी जिम्मेवार भई निर्धारित समयमा कार्य सम्पन्न हुने, समन्वयकारी भुमिका स्थापित हुने, कार्यान्यनको अन्योलता हट्ने तथा नियमित अनुगमन/मूल्यांकन भई मन्त्रालयगत लक्षित उद्धेश्य हाँसिल हुन जान्छ ।

१.३ कार्ययोजना तयार गर्दा अवलम्वन गरिएका आधारहरू

- संविधानमा व्यक्त राज्यका निर्देशक सिद्धान्त, राज्यका नीतिहरू र चौधौ योजनाको लक्ष्य, उद्देश्य र नीतिहरू, मन्त्रालय सम्बद्ध विषयगत नीतिहरू ।

- चालू वर्षको नीति तथा कार्यक्रम र वार्षिक बजेटमा उल्लेख भएका कार्यक्रम ।
- सामान्यतया चालु आर्थिक वर्षभित्रमा सम्पन्न हुन सक्ने क्रियाकलाप ।
- जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने कार्यक्रम ।
- सकेसम्म उपलब्धी मापन योग्य कार्यक्रमहरू ।
- जिम्मेवार निकाय र पदाधिकारी स्पष्ट भएका ।
- नियमित रुपमा अनुगमन तथा मूल्याङ्न गर्न सहजीकरण हुने ।
- मन्त्रालय र निकायहरूको मुख्य जिम्मेवारी र मुद्दाहरू स्पष्ट हुने ।
- जिम्मेवार निकाय र पदाधिकारीहरू उत्तरदायी हुने ।

१.४ कार्ययोजना अनुगमन र मूल्याङ्कनको व्यवस्था

प्रस्तुत कार्ययोजनाको कार्यान्वयन गर्ने गराउने दायित्व मन्त्रालयको महाशाखा र शाखाहरूको साथै मन्त्रालय सम्बद्ध निकायहरूको हुनेछ । कार्ययोजनाको सफल र प्रभावकारी कार्यान्वयन गरी कार्यक्रमको भौतिक र वित्तीय प्रगति हासिल गर्न सम्वन्धित निकाय र पदाधिकारीको भूमिका अपरिहार्य हुनेछ । प्रस्तुत कार्ययोजनाको अनुगमन र मूल्याङ्कनको व्यवस्था देहाय वमोजिम हुनेछ ।

१. निकायगत कार्यान्वयन एवं अनुगमन गर्ने जिम्मेवारी सम्वद्ध निकाय प्रमुखको हुनेछ । प्रत्येक निकायको प्रमुख र मन्त्रालयमा महाशाखा प्रमुखलाई कार्यान्वयन सम्पर्क व्यक्तिको रुपमा तोकिनेछ ।

२. मन्त्रालय अन्तर्गतका निकायको कार्यक्रमको समग्र समीक्षा एवं अनुगमन तथा मूल्याङ्कन मन्त्रालयले गर्नेछ।

३. कार्ययोजनाको कार्यान्वयनलाई सम्वन्धित कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गरिनेछ । विभागीय प्रमुख र कार्यालय प्रमुखसँग कार्य सम्पादन सम्झौता गर्दा यस कार्ययोजनाका विषयहरू समावेश गरिनेछ ।

१.५ कार्ययोजनाको समीक्षा

कार्ययोजनाको समीक्षा प्रत्येक महिनामा हुनेछ । प्रत्येक चौमासिकमा मन्त्रालयको विकास समस्या समाधान समितिमा राखी समीक्षा गरिनेछ । सो को प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयलाई उपलब्ध गराइनेछ ।

१.६ मन्त्रालयको आगामी कार्यदिशा

नेपाल सरकारको समृद्ध नेपालको अभियानलाई हृदयङ्गम गर्दै संविधानमा व्यक्त राज्यका निर्देशक सिद्धान्त, राज्यका नीति र व्यवस्थाहरू, आवधिक योजनाले लिएको लक्ष्य, रणनीति र कार्यनीति, नेपाल सरकारवाट स्वीकृत नीति र निर्णय, नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा गरेका सम्झौता, चालु आर्थिक वर्षमा लिइएका नीतिको निरन्तरता, भूकम्पपछिको पुनः निर्माणको आधारमा सूचना तथा सञ्चार क्षेत्रको आगामी कार्यदिशा देहाय वमोजिम रहेको छ ।

१. नेपालको संविधान अनुसार सञ्चार तथा सूचना सम्वद्ध नीति र कानूनहरूको पुनरावलोकन,

२. नेपालको संविधान अनुसार सञ्चार तथा सूचना क्षेत्रको संघीय पुनःसंरचना,

३. राष्ट्रिय आमसञ्चार नीतिको कार्यान्वयन,

४. प्रसारण संस्थाहरूको नियमन,

५. प्रसारण संस्थाहरूको डिजिटाइजेशन

६. देशव्यापी रुपमा रेडियो, टेलिभिजन, टेलिफोन र इन्टरनेट सेवाको पहुँच विस्तार

७. देशव्यापी रुपमा दूरसञ्चार सेवाको लागि ब्रोडव्याण्ड पूर्वाधार विस्तार

८. सूचना प्रविधिको देशव्यापी पहुँच विस्तार

९. दूरसञ्चार सेवाको पूर्वाधार विकास, विस्तार र सूचना प्रविधिको गुणस्तर सुधार

१०.प्रादेशिकस्तरमा प्रकाशन र प्रसारण विस्तार

११.मन्त्रालय र अन्तर्गतको निकायमा ऐतिहासिक महत्वका वस्तु उत्पादन र सेवाहरूलाई डिजिटल आर्काइभको सुरक्षित राख्नु

१२.हुलाक सेवाको आधुनिकीकरण र स्वायत्त वनाउने

१३.सुरक्षण मुद्रण स्थापना

१४.भूकम्पवाट क्षतिग्रस्त संरचनाहरूको पुनः निर्माण

१५.चलचित्र व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर, चलचित्र विकास शुल्क लगायतका राजश्व संकलनलाई व्यवस्थित गर्न इलेक्ट्रोनिक टिकेटिङ्ग सहित चलचित्र वितरण र प्रदर्शन गर्न वक्स अफिस प्रणाली लागु गरिने

१६.नेपाली चलचित्रको प्रवर्द्धन, चलचित्र पर्यटन प्रवर्द्धन, चलचित्र क्षेत्रमा पूर्वाधार विस्तार गर्दै यस क्षेत्रलाई उद्योगको रुपमा विकास गर्ने र नेपाललाई प्राकृतिक स्टुडियोको रुपमा प्रवर्द्धन गर्ने ।

परिच्छेद २

आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित बुँदाहरूको कार्यान्वयन कार्ययोजना

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गरिएका बुँदाहरूको कार्यान्वयन कार्ययोजना

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
५४	**सूचना प्रविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने।**	• जनशक्ति उत्पादन (IT Graduates): ५०००/प्रतिवर्ष • Internet पुगेका स्थानीय तहः ६०३ • कम्प्यूटर सुविधा भएका विद्यालय (सामुदायिक): ८३६६/२९००० • अनलाइनमा सरकारी सेवाहरूः १० • डिजिटल साक्षरताः ३१% (अनुमानित)								
क्रियाकलाप १	*सूचना तथा सञ्चार प्रविधि नीति र ब्रोडव्याड नीतिको कार्यान्वयन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।*	*सूचना तथा सञ्चार प्रविधि नीति २०७२ र ब्रोडव्याण्ड नीति २०७१ कार्यान्वयनमा रहेको।*	*सूचना तथा सञ्चार प्रविधि नीति र ब्रोडब्याण्ड नीति पूर्ण रुपमा कार्यान्वयनमा रहेको हुने।*	*सबै प्रकारका सूचनाका माध्यममा नेपालीको पहुँच पुऱ्याउन आमसञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यवसायिक र प्रतिस्पर्धी बनाइने छ।*	*कार्ययोजना कार्यान्वयनमा आएको हुने।*		*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*	*नेपाल दूरसञ्चार प्राधिकरण*		
Milestone 1	सूचना तथा सञ्चार प्रविधि नीति र ब्रोडव्याड नीतिको कार्यान्वयन कार्ययोजना तयार गर्न कार्यदल गठन गरी कार्य योजना तयार गर्ने।					२०७५ मंसिर मसान्तसम्म				

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
Milestone 2	नीतिको कार्यान्वयन कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने।									
क्रियाकलाप २	*सबै स्थानीय तहमा Broadband सेवा विस्तार गर्ने।*	*१५० स्थानीय तहमा इन्टरनेट सेवा र ७९ स्थानीय तहमा मोवाइल सेवा वाहेक सबै स्थानीय तहमा सेवा उपलब्ध भएको।*	*सन् २०२० सम्ममा ९०% जनता समक्ष ब्रोडब्याण्ड सेवा र १००% जनता समक्ष इन्टरनेट को पहुँच पुर्याउने।*		*५० जिल्लाका सबै स्थानीय तहमा Broadband सेवा पुगेको हुने।*		*नेपाल दूरसञ्चार प्राधिकरण*	*टेलिकम सेवा प्रदायकहरू*		
Milestone १	Internet को पहुँच नपुगेका थप १५० स्थानीय तहमा Broadband पुऱ्याउने।					२०७६ असार मसान्तसम्म				
१८९				**ग्रामीण दूरसञ्चार कोषमा रहेको रकम उपयोग गरी सबै स्थानीय तहसम्म अप्टिकल फाइवर बिछ्याउने कार्य तीब्रताका साथ अघि बढाइनेछ ।** **(१८९)**	सबै स्थानीय तहसम्म अप्टिकल फाइवर पुऱ्याउने।					
क्रियाकलाप १		*४२ जिल्लामा सेवाप्रदायक छनौट भई जडान कार्य भइरहेको।*	*Broadband सेवामा सबै नागरिकको पहुँच पुग्ने।*	*सबै स्थानीय तहसम्म अप्टिकल फाइवर बिछ्याउने।*	*५० जिल्लाका सबै स्थानीय तहमा अप्टिकल फाइवर पुगेको हुने।*		*नेपाल दूरसञ्चार प्राधिकरण*	*टेलिकम सेवा प्रदायकहरू*		
Milestone 1				सेवा प्रदायक छनौट		२०७६				

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
				गर्ने।		असार मसान्तसम्म				
Milestone 2				Optical Fiber विछ्याउने कार्य सम्पन्न गर्ने।						
५४	**सार्वजनिक प्रशासन, व्यवसायिक क्षेत्र, सार्वजनिक एवं निजी सेवा, अभिलेख, तथ्याङ्क र वित्तीय कारोबारलाई विद्युतीय सूचना प्रविधिमा आधारित बनाइनेछ ।**									
क्रियाकलाप १	*e-Payment Gateway को सञ्चालन गर्ने।*	*e-Payment Gateway का लागि सेवा खरिदको लागि सम्झौता भएको।*	*वित्तीय कारोवार विद्युतिय माध्यमबाट हुने।*		*विद्युतिय भुक्तानी प्रणाली सञ्चालनमा आउने*		*सूचना प्रविधि केन्द्र*	*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दुरसञ्चार प्राधिकरण*		
Milestone 1	विद्युतिय वित्तीय भुक्तानीको कार्यविधि तयार गर्ने।					२०७६ असार मसान्तसम्म				
Milestone 2	e-Payment system लाई बैक तथा वित्तिय सस्थाहरू सग आबद्धता गरीने।									
क्रियाकलाप २	*National Cyber Security Monitoring Center तथा Response Team को स्थापना गर्ने*	*कार्यान्वयनमा नरहेको।*	*National Cyber Security Monitoring Center स्थापना हुने।*		*National Cyber Security Monitoring Center स्थापना कार्यान्वयन हुने।*		*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*	*नेपाल दुरसञ्चार प्राधिकरण*		
Milestone 1	NCERT को निर्देशिका तयार गर्ने।					२०७६				

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
Milestone 2	Response Team ले कार्य प्रारम्भ गर्ने।					असार मसान्तसम्म				
५५	**सर्वसाधारणले डिजिटल माध्यमबाट सरकारी सेवा प्राप्त गर्नसक्ने व्यवस्था गरिनेछ ।**									
क्रियाकलाप १	*Government Enterprise Architecture (GEA) लाई कार्यान्वयन गर्ने।*	*सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा संचालन निर्देशिका) २०७१ कार्यान्वयनमा रहेको*	*सरकारी निकायका सबै अनलाइन सेवाहरू GEA अनुसार निर्माण भएका हुने*		*निर्माण हुने Online सेवाहरू GEA अनुसार निर्माण गर्ने।*		*सूचना प्रविधि विभाग*	*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*		
Milestone 1	Government Enterprise Architecture (GEA) लाई अद्यावधिक गर्ने।					२०७६ असार मसान्तसम्म				
Milestone 2	सरोकारवाला निकायलाई तालिम प्रदान गरि कार्यन्वयन गर्ने									
क्रियाकलाप २	*सरकारी सेवालाई विद्युतिय माध्यमबाट प्रवाह गर्ने।*	*१० वटा सरकारी सेवा Online मा प्रवाह भएको।*	*सबै सरकारी सेवालाई विद्युतिय माध्यमबाट प्रवाह गरिने।*		*थप १० वटा सरकारी सेवालाई National Portal मा आवद्द गरिने।*		*सूचना प्रविधि विभाग. राष्ट्रिय सूचना प्रविधि केन्द्र*	*प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सम्बन्धीत निकाय।*		*स्रोत र सहयोग सुनिश्चतता हुनु पर्ने।*
Milestone 1	Online मा भएका सरकारी सेवालाई					२०७६				

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
	National Portal मा आवद्ध गर्ने।					असार मसान्तसम्म				
Milestone 2	थप १० वटा सरकारी सेवालाई Online मार्फत् सेवा प्रदान गर्ने।									
क्रियाकलाप ३	*नेपाल सरकारका मोबाइल एप्सको मापदण्ड तयार गरी लागु गर्ने ।*	*विभिन्न सरकारी निकायहरूले आ-आफ्नै मोबाइल एप्पहरूको निर्माण गरि सञ्चालन गरेका।*	*सरकारी निकायका सबै मोबाइल एप्पहरू एकै मापदण्डमा आधारित भई निर्माण हुने ।*		*सरकारी निकायका सबै मोबाइल एप्पहरू एकै मापदण्डमा आधारित भई निर्माण हुने ।*		*सूचना प्रविधि विभाग*	*शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय*		
Milestone 1	मोबाइल एप्सको मापदण्डको मस्यौदा तयार गर्ने					२०७६ असार मसान्तसम्म				
Milestone 2	मोबाइल एप्सको मापदण्डको मस्यौदा स्वीकृत गरी लागू गर्ने।									
५५	**"नागरिक अधिकार मोबाइल एप्स" निर्माण, परिक्षण गरी प्रयोगमा ल्याइनेछ ।**	विभिन्न सरकारी निकायहरूले आ-आफ्नै मोबाइल एप्पहरूको निर्माण गरि सञ्चालन गरेका	नेपाल सरकारले प्रदान गर्ने सबै सेवाहरूको जानकारी ,जिज्ञासा र गुनासोको लागि एकिकृत मोबाईल एप्सको निर्माण							
क्रियाकलाप १	*नागरिक अधिकार मोबाइल एप्स" निर्माण गर्ने।*	*स्थानीय तहका लागि मोबाइल एप्स र नेश्नल पोर्टलसंग आवद्ध रहेको मोबाइल एप्स निर्माण कार्य अन्तिम चरणमा रहेको।*	*सरकार र नागरिकका बिचमा सु-सम्बन्ध कायम गर्न सघाउ पुऱ्याउने।*		*नागरिक अधिकार मोबाइल एप्स कार्यान्वयन गर्ने।*		*सूचना प्रविधि विभाग*	*शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय*		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
Milestone 1	नागरिकले पाउने सेवाहरूको सूची तयार पार्ने					२०७६ असार मसान्तसम्म				
Milestone 2	मोबाईल एप्स निर्माण गरी सबै केन्द्रिय निकायहरूका प्रतिनिधिहरूलाई तालिम प्रदान गर्ने र मन्त्रालय अन्तर्गतका सबै निकायमा लागु गर्ने ।									
५६	**शिक्षा र स्वास्थ्य सेवा प्रवाहमा आधुनिक सञ्चार प्रविधिको प्रयोग बढाइनेछ। सामुदायिक विद्यालय, अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा उच्च गतिको इन्टरनेट सुविधा पुऱ्याइनेछ ।**									
क्रियाकलाप १	*प्रत्येक प्रदेशमा १-१ वटा सामुदायिक विद्यालयलाई Smart School का रुपमा रुपान्तरण गर्ने।*	*कक्षा ४ देखि कक्षा १२ सम्मको अनिवार्य गणित, ऐ. गणित र विज्ञान विषयका सबै पाठ्यक्रम तथा अन्य विषयहरूको समेत धेरै जसो पाठ्यक्रमहरू र Basic Computer, MS-Word, Excel, PowerPoint, को नेपाली भाषामा निर्माण गरिएको शिक्षण श्रव्य-दृष्य सामग्री तयार भई YouTube मा समेत Upload भैसकेको र हाल सम्म ६१ वटा*	*मूलुकका ३५ वटा सामुदायिक विद्यालयहरूमा गुणस्तरीय एवं प्रभावकारी शिक्षणको लागि Smart School का रुपमा रुपान्तरण गरिने।*	*सात प्रदेशमा एक/एकवटा जिल्लाका सरकारी विद्यालयहरूलाई पूर्ण सूचना प्रविधि मैत्री वनाउने ।*	*प्रत्येक प्रदेशका १/१ वटा सामुदायिक विद्यालय Smart School मा रुपान्तरण हुने।*		*सूचना प्रविधि विभाग*	*शिक्षा , विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण तथा अन्य दूरसञ्चार सेवा प्रदायक।*		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
		स्कुलहरूमा डिजिटल कक्षाको माध्यमबाट शिक्षण गराईएको ।								
Milestone 1	Smart School मा रुपान्तरण गर्न कार्यविधि तर्जुमा गर्ने					२०७५ माघ मसान्तसम्म				
Milestone 2	Smart School को स्थापना गर्ने।									
क्रियाकलाप २	*सामुदायिक विद्यालयमा कम्प्यूटर ल्याव स्थापना गर्ने।*		*३ वर्षभित्रमा १५०० सामुदायिक विद्यालयमा कम्प्यूटर ल्याव स्थापना गरिने।*		*५०० सामुदायिक विद्यालयमा कम्प्यूटर ल्याव स्थापना गर्ने।*		*नेपाल दूरसंचार प्राधिकरण*	*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय*		
Milestone 1	Computer Lab स्थापना गर्न मापदण्ड सहितको कार्यविधि तर्जुमा गर्ने.					२०७६ असार मसान्तसम्म				
Milestone 2	सामुदायिक विद्यालय छनौट गरी Computer Lab को स्थापना गर्ने।									
क्रियाकलाप ३	*प्रत्येक प्रदेशको माध्यामिक विद्यालय र स्वास्थ संस्थामा ईन्टरनेट सेवा पुऱ्याउने ।*		*आ. व. २०७६।७७ सम्ममा सबै प्रदेशको माध्यमिक विद्यालय र स्वास्थ्य संस्थामा Internet सेवा पुऱ्याइने।*		*५० जिल्लाका सबै प्रदेशको सामुदायिक माध्यमिक विद्यालय र स्वास्थ्य संस्थामा Internet सेवा पुरने।*		*नेपाल दूरसंचार प्राधिकरण*	*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
Milestone 1	ईन्टरनेट सेवा प्रदायक छनौट गर्ने ।					२०७६ असार मसान्तसम्म				
Milestone 2	सेवा प्रदायक मार्फत ईन्टरनेट सेवा जडान गर्ने ।									
५७	**सबै प्रकारका अनुगमनमा सूचना प्रविधिको प्रयोग गरिनेछ । सेवाप्रदायक सबै सरकारी निकायहरूलाई सूचना प्रविधि सञ्जालमा आबद्ध गरी प्रमुख नतिजा र निर्णयको परीक्षण गरिनेछ ।**									
क्रियाकलाप १	*Centralized Dashboard सञ्चालन गर्ने।*	*कार्यान्वयनमा नरहेको।*	*नेपाल सरकारका सबै निकायहरूलाई सूचना प्रविधि सञ्जालमा आवद्ध गरी नतिजामूलक विद्युतिय केन्द्रिय अनुगमन प्रणालीको विकास गर्ने।*		*मन्त्रालय अन्तर्गतका सबै निकायमा लागू हुने।*		*सूचना प्रविधि विभाग*	*प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*		
Milestone 1	Dashboard सञ्चालनको लागि आवश्यक कार्यविधिको मस्यौदा तयार गरी स्वीकृत गर्ने।					२०७६ असार मसान्तसम्म				
Milestone 2	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय अन्तर्गतका सबै निकायमा Dashboard लागू गर्ने।									
८५	**सबै प्रकारको आमसञ्चारका माध्यममा नेपालीको पहुँच पुऱ्याइनेछ**									

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
	।आमसञ्चार माध्यमलाई निष्पक्ष, मर्यादित, जिम्मेवार, व्यावसायिक र प्रतिस्पर्धी बनाइनेछ ।									
कियाकलाप १	*स्थानीय तह र प्रादेशिक सरकारबाट पत्रपत्रिका, रेडियो तथा टेलिभिजन दर्ता र इजाजत दिने व्यवस्था गर्ने ।*	आम सञ्चार ऐनको प्रारम्भिक मस्यौता तयार भएको। रेडियोको पहुँच ८७ प्रतिशत भूभाग, ८३ प्रतिशत जनसंख्या र ७७ वटा जिल्लामा पुगेको। टेलिभिजनको पहुँच टेरिस्तेरियल मार्फत् जनसंख्याको आधारमा ७२ प्रतिशत र ५२ प्रतिशत भूभागमा पुगेको। स्याटलाइट मार्फत् देशको सबै भूभागमा पुगेको। निजी क्षेत्रको ३५ वटा टेलिभिजन नियमित प्रशारणमा रहेको।	आमसञ्चारका माध्यममा सम्पूर्ण नेपालीको पहुँच पुग्ने।		कानूनहरू तर्जुमा हुने। आमसञ्चार माध्यममा नेपालीहरूको पहुँचमा बृद्धी भएको हुने।		*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*	*सूचना तथा प्रसारण विभाग*		
Milestone 1	प्रदेश र स्थानीय तहबाट दर्ता तथा ईजाजत दिने सम्बन्धी कानूनी व्यवस्था गर्ने।					२०७५ भदौ मसान्तसम्म				
Milestone 2	प्रदेश र स्थानीय तहबाट दर्ता तथा ईजाजत दिने सम्बन्धी नमूना कार्यविधि बनाइ पठाउने।									
कियाकलाप २	*टेलिभिजन प्रसारणलाई डिजिटल प्रणालीमा रुपान्तरण गर्ने ।*	*काठमाण्डौं उपत्यका र मुख्य सहरहरूमा Digital*			*सबै टेलिभिजन प्रशारण*		*सूचना तथा प्रसारण*	*सञ्चार तथा सूचना*		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
		प्रणालिमा रुपान्तरण भएको। अन्य क्षेत्रमा समेत शुरु भएको।			*Digitize हुने।*		*विभाग*	*प्रविधि मन्त्रालय*		
Milestone १	टेलिभिजन डिजिटल प्रशारणको प्राविधिक अनुगमन र निरीक्षण गर्ने।					२०७५ भदौ मसान्तसम्म				
Milestone २	टेलिभिजन प्रसारण डिजिटल प्रणालीमा रुपान्तरण हुने।									
कियाकलाप ३	*राष्ट्रिय आमसञ्चार ऐन र प्रेस काउन्सिल ऐन तर्जुमा गर्ने ।*	*प्रारम्भिक मस्यौदा तयार भएको।*	*आम सञ्चारमा सबैको पहुँचको सुनिश्चतता भएको हुने।*		*ऐनको विधेयक तर्जुमा भएको हुने।*		*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*	*सूचना तथा प्रसारण विभाग, दप्रेस काउन्सिल*		
Milestone 1	राष्ट्रिय आमसञ्चार ऐन र प्रेस काउन्सिल सम्बन्धी ऐनको प्रारम्भिक मस्यौदा तयार गर्ने ।					२०७६ असार मसान्तसम्म				
Milestone 2	राष्ट्रिय आमसञ्चार ऐन र प्रेस काउन्सिल सम्बन्धी ऐनको मस्यौदामा स्वीकृति लिई विधेयक पेश गर्ने।									
८५	**नेपाल टेलिभिजन र रेडियो नेपाललाई सार्वजनिक प्रसारण संस्थाको रूपमा एकै व्यवस्थापनमा सञ्चालन गरिनेछ ।**	*ऐन निर्माणको लागि सैद्धान्तिक सहमति प्राप्त भएको। रेडियो नेपाल र नेपाल टेलिभिजन छुट्टाछुट्टै अस्तित्वमा रहेको ।*	*सार्वजनिक प्रसारण संस्थाको गठन भई कार्यान्वयनमा आएको हुने ।*	*नेपाल टेलिभिजन र रेडियो नेपाललाई एकीकृत गरी सार्वजनिक प्रसारण संस्थाको रुपमा सञ्चालन गरिनेछ (१८५)*	*सार्वजनिक प्रसारण संस्था सम्बन्धी कानुनको तर्जुमा भएको हुने।*					
कियाकलाप १	*सार्वजनिक सेवा प्रसारण ऐनको तर्जुमा गर्ने ।*	*रेडियो नेपाल र नेपाल टेलिभिजन छुट्टा छुट्टै*	*सक्षम र प्रतिस्पर्धी*				*सञ्चार तथा सूचना*	*नेपाल टेलिभिजन,*		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
		संस्थाको रुपमा रहेका।	*सार्वजनिक प्रशारण संस्थाको स्थापना*				*प्रविधि मन्त्रालय*	*रेडियो नेपाल, अर्थ मन्त्रालय, कानुन मन्त्रालय*		
Milestone १	सार्वजनिक सेवा प्रसारण सम्बन्धी ऐनको प्रारम्भिक मस्यौदा तयार गर्ने ।					२०७६ असार मसान्तसम्म				
Milestone २	सार्वजनिक सेवा प्रसारण सम्बन्धी ऐनको मस्यौदामा स्वीकृति लिई विधेयक पेश गर्ने।									
८५.	**पत्रकार दुर्घटना बीमा र पत्रकार वृत्ती कोषलाई पत्रकारहरूको दिगो हितमा परिचालन गरिनेछ ।**				दुर्घटना बीमा हुने पत्रकारको संख्या प्रतिशत बृद्धी भएको हुने। पत्रकार वृत्ती कोष स्थापना भएको हुने।		सूचना तथा प्रसारण विभाग	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, पत्रकार महासंघ		
क्रियाकलाप १	पत्रकारहरूको दुर्घटना बीमा गर्ने	*पत्रकार दुर्घटना वीमा प्रभावकारी हुन नसकेको, हालसम्म कूल पत्रकारहरूको संख्या १३००० मध्ये ६१३ जना पत्रकारको मात्र दुर्घटना बीमा भएको। पत्रकार दुर्घटना बीमा कार्यविधि रहेको।*	*सत्रै पत्रकारको दुर्घटना बीमा भएको हुने।*		दुर्घटना बीमा हुने पत्रकारको संख्या १५०० हुने।		सूचना तथा प्रसारण विभाग	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, पत्रकार महासंघ		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
Milestone 1	पत्रकार दुर्घटना बीमाको कार्यविधि परिमार्जन गरी बीमाकोलागी सम्बन्धीत पत्रकारहरूबाट माग संकलन गर्ने					२०७६ असार मसान्तसम्म				
Milestone 2	पत्रकारहरूको दुर्घटना वीमा सम्पन्न गर्ने									
क्रियाकलाप २	*पत्रकार वृत्ती कोष स्थापना गर्ने ।*	*कोषका लागि आ.व. २०७४।०७५ मा रु. एक करोड विनियोजन भएको पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका,२०७५ को मस्यौदा तयार भई सहमतिको लागि अर्थ मन्त्रालय पठाइएको।*	*निर्देशिका अनुसार जेष्ठ पत्रकारलाई मासिक वृत्ति रकम उपलब्ध गराउने।*	पत्रकार दुर्घटना बीमालाई पत्रकारहरूको दिगो विकासमा परिचालन गरिनेछ ।पत्रकार वृत्ती कोषलाई पत्रकारहरूको दिगो विकासमा परिचालन गरिनेछ।	*कोषको स्थापना गर्ने र वृत्ति रकम वितरण शुरु गर्ने ।*		सूचना तथा प्रसारण विभाग	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, पत्रकार महासंघ		
Milestone 1	पत्रकार वृत्ती कोष स्थापना गर्न वाणिज्य बैङ्क छनौट गर्नै ।					२०७६ असार मसान्तसम्म				
Milestone 2	पत्रकार वृत्ती कोष स्थापना गर्नै ।									
८६	**हुलाक सेवाबाट प्रदान गरिने सेवालाई प्रतिस्पर्धी, व्यवसायिक र विश्वसनीय बनाइनेछ ।**			हुलाक सेवालाई प्रतिस्पर्धी, व्यवसायिक र विश्वसनीय बनाउन आवश्यक सुधार कार्य अघि बढाइने छ ।(१९०)						
क्रियाकलाप १	*PITS (Postal Internal Tracking System) सबै जिल्लामा पुऱ्याइनेछ ।*	*हाल ६० जिल्लामा PITS (Postal Internal Tracking System) सञ्चालित*	*सबै हुलाक वस्तुको ट्र्याकिङ्ग गर्न सकिने , हुलाक सेवाको*		*PITS सबै जिल्लामा पुगेको हुने।*		*गोश्वारा हुलाक कार्यालय*	*हुलाक सेवा विभाग*		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
			कार्यदक्षता बढ्ने ।							
Milestone 1	सबै निकायहरूमा आवश्यक पूर्वाधार (जनशक्ति,मेशिनरी, फर्निचर) को व्यवस्था गर्ने ।					२०७६ असार मसान्तसम्म				
Milestone 2	सबै जिल्ला हुलाक कार्यालयमा PITS (Postal Internal Tracking System) सञ्चालन गर्ने ।									
क्रियाकलाप २	*विद्यमान डाँक रेखाहरूको अध्ययन गरी सडक सञ्जाल पुगेका नयाँ स्थानहरूमा सवारी साधनबाट ढुवानी गर्ने व्यवस्था मिलाउने।*	*लामो समय देखि डाँक रेखा पुनरावलोकन नभएको ।*	*छरितो, आधुनिक र प्रविधिमैत्री संगठन संरचना तयार हुने ।*		*डाँक रेवा पुनरावलोकन हुने।*		*हुलाक सेवा विभाग*	*जिल्ला स्थित हुलाक कार्यालयहरू*		
Milestone 1	डाँक रेखा पुनरावलोकनको लागि हुलाक निर्देशनालयहरूले अध्ययन गरी विभागमा पेश गर्ने।					२०७६ असार मसान्तसम्म				
Milestone 2	डाँक रेखा पुनरावलोकन गर्ने।									
८६.	**देशभित्रै सुरक्षित छापाखाना स्थापना गरी राहदानी, अन्तःशुल्क स्टीकर, हुलाक टिकट, जग्गाधनी प्रमाणपूर्जा र सार्वजनिक महत्त्वका कागजातहरूको सुरक्षण मुद्रण गरिनेछ ।**	सुरक्षित मुद्रण नेपालमा हुन नसकेको। विदेशमा छपाई गर्दा वर्षेनी ३.५ अर्ब खर्च वाहिर जाने गरेको। गोप्य तथ्याङ्क समेत पनि वाहिर जाने गरेको।								
क्रियाकलाप १	*सुरक्षित मुद्रण सम्बन्धी ऐन तर्जुमा गर्ने ।*	*छुट्टै सुरक्षण मुद्रण सम्बन्धी ऐन नभएको ।*	*देश भित्रै सुरक्षित मुद्रणकार्य थालनी ३ वर्षभित्र हुने ।*		*सुरक्षित मुद्रणको कानूनी व्यवस्था गर्ने।*		*मुद्रण विभाग, सुरक्षण मुद्रण*	*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
							केन्द्र			
Milestone 1	सुरक्षित मुद्रण सम्बन्धी ऐनको प्रारम्भिक मस्यौदा तयार गर्ने ।					२०७५ फागुन मसान्तसम्म				
Milestone 2	सुरक्षित मुद्रण सम्बन्धी ऐनको मस्यौदामा स्वीकृति लिई विधेयक पेश गर्ने।									
क्रियाकलाप २	*सुरक्षित छापाखानाको स्थापना गर्न भौतिक पुर्वाधार तयार गर्ने।*	*सुरक्षित छापाखाना नभएको।* *विकास समिति गठन भएको।* *सुरक्षित छापाखानाको लागि जग्गा प्राप्ति भएको।*	*३ वर्षभित्र देशभित्र सुरक्षित मुद्रणको कार्य हुने।*		*निरमाण कार्य प्रारम्भ भएको हुने।*					
Milestone 1	सुरक्षित छापाखानाको स्थापना गर्न परामर्शदाता छनौट गरी DPR तयार गर्ने ।					२०७६ असार मसान्तसम्म				
Milestone 2	सुरक्षित छापाखानाको स्थापना गर्न भवन, मेशिन, उपकरणहरू, सवारी साधनहरू निर्माण तथा खरिद कार्य प्रारम्भ गर्ने ।									
१८७				**मुद्रण विभाग र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण कम्पनीमा रुपान्तरण गरी उच्च सुरक्षायुक्त र गुणस्तरीय रूपमा छपाई कार्य गर्ने व्यवस्था गरिनेछ।(१८७)**						
क्रियाकलाप १		*मुद्रण विभाग र सुरक्षण*	*३ वर्षभित्र उच्च*	*कम्पनीको प्रवन्धपत्र*	*कम्पनी दर्ताम*					

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
		मुद्रण विकास समिति छुट्टा छुट्टै अस्थित्वमा रहेको।	*सुरक्षायुक्त र गुणस्तरीय रूपमा छपाई कार्य प्रारम्भ हुने।*	*नियमावली तयार गर्ने।*	*भएको हुने।*					
Milestone 1				कम्पनी प्रवन्धपत्रको नियमावलीको मस्यौदा तयार गर्ने।		२०७६ असार मसान्तसम्म				
Milestone 2				नियमावली नेपाल सरकारबाट स्वीकृत हुने।						
१८८				**सरकारी, निजी र विदेशी साझेदारीमा चलचित्र नगरी निर्माण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।(१८८)**						
क्रियाकलाप १		*नेपालमा चलचित्र नगरी निर्माणमा निजि क्षेत्रको लगानी नरहेको ।*		*चलचित्र नगरी अध्ययन गर्न स्थान, स्वरुप, प्रकृति तथा लगानीको सम्बन्धमा सम्भाव्यता अध्ययन गर्ने*	*अध्ययन प्रतिवेदनको कार्यान्वयन प्रारम्भ हुने।*		*चलचित्र विकास वोर्ड*	*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,*		
Milestone 1				परामर्शदाता छनौट गर्ने।		२०७५ चैत्र मसान्तसम्म				
Milestone 2				अध्ययन प्रतिवेदन प्राप्त गर्ने।						
क्रियाकलाप २				*स्वदेशी तथा विदेशी लगानीकर्ताहरूको सम्मेलन गर्ने।*	*लगानी जुट्ने प्रतिवद्धता प्राप्त हुने।*		*चलचित्र विकास वोर्ड*	*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय*		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
Milestone 1				यस सम्बन्धी अवधारणा तयार गर्ने		२०७६ असार मसान्तसम्म				
Milestone 2				सम्मेलन आयोजना गर्ने।						
१८८				**सन्देशमूलक चलचित्रलाई प्रदर्शनीमा लाग्ने करमा सहुलियत दिइनेछ ।**						
क्रियाकलाप १		*सन्देशमूलक चलचित्रलाई प्रदर्शनीमा लाग्ने करमा सहुलियत दिने व्यवस्था नरहेको ।*		*सन्देशमूलक चलचित्रलाई प्रदर्शनीमा लाग्ने करमा सहुलियतको कार्यविधि तयार गरी लागु गर्ने*	*कर सहुलियत उपलब्ध हुने।*		*चलचित्र विकास वोर्ड*	*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय*		
Milestone 1				सन्देशमूलक चलचित्रलाई प्रदर्शनीमा लाग्ने करमा सहुलियत दिनका लागि आवश्यक पर्ने कार्यविधि तथा मापदण्ड तयार गर्ने।		२०७६ असार मसान्तसम्म				
Milestone 2				मापदण्डमा परेका चलचित्रहरूलाई प्रदशनी कर सहुलियत दिने ।						
१८८				**चलचित्र व्यवसायमा लाग्ने मूल्य अभिवृद्धि कर, चलचित्र विकास शुल्क लगायतका राजस्व संकलनलाई व्यवस्थित गर्न इलेक्ट्रोनिक टिकेटिङ्ग सहित चलचित्र**			चलचित्र विकास वोर्ड	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
				वितरण र प्रदर्शन गर्न वक्स अफिस प्रणाली लागु गरिनेछ ।(१८८)						
क्रियाकलाप १				*बक्स अफिस प्रणालीको कार्यान्वयन गर्ने।*	*नेपालभर बक्स अफिस प्रणाली लागु गर्ने।*					
Milestone 1				ई टिकेटिङ्ग जडान भएका सबै सिनेमा भवनहरूमा बक्स अफिस शुरु गर्ने.		२०७५ चैत्र मसान्तसम्म				
Milestone 2				देशभरका सबै सिनेमा भवनहरूमा बक्स अफिस प्रणाली पूर्ण रुपमा लागु हुने						
२००				**हुलाक बचत बैंकलाई खारेज गरी संञ्चित रकम वाणिज्य बैंकहरूमा खाता सहित हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।(२००)**						
क्रियाकलाप १		*६५वटा हुलाकहरूमा बचत बैङ्कहरू सञ्चालनमा रहेको । जम्मा २ अरब ३० करोड रुपैया बचत रहेको। ७० करोड ऋण प्रवाह*		*हुलाक बचत बैंक खारेज गरी बचत रकम र ऋण लगानी वाणिज्य बैंकमा हस्तान्तरण गर्ने।*	*बचत बैंकमा रहेको बचत तथा ऋण लगानी रकम वाणिज्य बैंकमा हस्तान्तरण*		*हुलाक सेवा विभाग*	*सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, केन्द्रीय*		

बुँदा नं.	नीति तथा कार्यक्रम (सूचक इकाइ सहित)	आधार वर्ष २०७४।७५को अवस्था	आ. ब २०७९।८० सम्मको लक्ष्य	बजेट तथा कार्यक्रम	अपेक्षित उपलब्धि	कार्य सम्पन्न हुन लाग्ने समय	कार्यान्वयन गर्ने जिम्मेवार निकाय	सहयोगी निकाय	उल्लेखनीय उपलब्धी हाँसिल गर्न गरिने नवप्रवर्तन तथा सिर्जनशील प्रयास	कैफियत
		गरेको रकम । कार्यदल गठन भएको।			*हुने।*			*धनादेश कार्यालय*		
Milestone 1				*हुलाक बचत बैंकलाई खारेज गरी संञ्चित रकम वाणिज्य बैंकहरूमा खाता सहित हस्तान्तरण गर्न कार्यदलले अध्ययन गरी प्रतिवेदन दिने।*		२०७५ असार मसान्तसम्म				
Milestone २				हस्तान्तरण Modality तय गरी खातावालहरूको बचत तथा ऋणको व्यवस्थापन गर्ने।						

परिच्छेद ३

आर्थिक वर्ष २०७५/०७६ को मन्त्रालय र अन्तर्गतका निकायहरूको वार्षिक कार्यक्रमहरूको कार्यान्वयन कार्ययोजना

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

आ.व. २०७५/७६ को वार्षिक कार्यक्रममा उल्लेखित कार्यक्रमको महाशाखा/शाखागत कार्यान्वयन कार्ययोजना

जिम्मेवार निकायः सम्बन्धित महाशाखा/शाखा प्रमुख

शाखाको नामः प्रशासन तथा विकास सहायता शाखा जिम्मेवार निकाय/व्यक्तिः प्रशासन तथा विकास सहायता शाखा प्रमुख

LMBIS क्र. सं.	खर्च शिर्षक	विनियोजित बजेट (रु. लाखमा)	कार्यक्रम	सम्पन्न गरिने क्रियाकलाप	कार्य सम्पन्न हुन लाग्ने समय	अपेक्षित उपलब्धि	जिम्मेवार निकाय	सहयोगी निकाय	कैफियत
८.३.१.७	२९३११	५	दराज, टेवल, कुर्सी	स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरी स्वीकृत गर्ने सूचिकृतबाट दरभाउपत्र माग गर्ने दरभाउपत्र स्वीकृत गर्ने र सम्झौता गर्ने दराज, टेवल, कुर्सी खरिद गरी जडान गर्ने	२०७५ पुष मसान्तसम्म	आवश्यक दराज, टेवल, कुर्सी खरिद भई जडान हुने	प्रशासन तथा विकास सहायता शाखा	आर्थिक प्रशासन शाखा	
८.३.१.३९	२९३११	१०	मन्त्रालयमा Cyber Security Monitoring Center निर्माण गर्न आवश्यक फर्निचर तथा फिक्चर खरिद	स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरी स्वीकृत गर्ने सूचिकृतबाट दरभाउपत्र माग गर्ने दरभाउपत्र स्वीकृत गर्ने र सम्झौता गर्ने आवश्यक फर्निचर तथा फिक्चर खरिद गरी जडान गर्ने	२०७५ मंसिर मसान्तसम्म	आवश्यक फर्निचर खरिद भई जडान हुने	प्रशासन तथा विकास सहायता शाखा	सूचना प्रविधि कार्यान्वयन शाखा/ आर्थिक प्रशासन शाखा	
८.६.४२.५	२९६११	२०	पानी ट्याङ निर्माण तथा पानी सुद्ध गराउने फिल्टर जडान	स्पेशिफिकेशन तयार गर्ने स्पेशिफिकेशन स्वीकृत गर्ने बोलपत्र माग गर्ने बोलपत्र स्वीकृत गरी निर्माण सम्झौता गर्ने पानी ट्याङ्क हस्तान्तरण	२०७५ मंसिर मसान्तसम्म	पानी ट्याङ्की निर्माण हुने	प्रशासन तथा विकास सहायता शाखा		
८.५.१.७	२९५११	२५	पावर ब्यकअप सिस्टम (Power Backup System) खरिद तथा जडान (कार्यालय संचालनसँग सम्वन्धित यन्त्र, उपकरण तथा मेशीन औजार)	स्पेशिफिकेशन तयार गर्ने स्पेशिफिकेशन स्वीकृत गर्ने बोलपत्र माग गर्ने बोलपत्र स्वीकृत गरी आपूर्ति सम्झौता गर्ने पावर व्याकअप खरिद तथा जडान	२०७५ मंसिर मसान्तसम्म	पावर व्याकअप सिस्टम खरिद भई जडान हुने	प्रशासन तथा विकास सहायता शाखा	आर्थिक प्रशासन शाखा	
८.५.१.९, ८.५.१.२२ ८.५.१.२७	२९५११	६.४	कम्प्युटर ६ वटा ल्यापटप १ वटा प्रिन्टर ६ वटा	स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरी स्वीकृत गर्ने सूचिकृतबाट दरभाउपत्र माग गर्ने	२०७५ मंसिर मसान्तसम्म	आवश्यक कम्प्युटर, ल्यापटप तथा प्रिन्टर खरिद हुने	प्रशासन तथा विकास सहायता शाखा	आर्थिक प्रशासन शाखा	

शाखाको नामः प्रशासन तथा विकास सहायता शाखा जिम्मेवार निकाय/व्यक्तिः प्रशासन तथा विकास सहायता शाखा प्रमुख

LMBIS क्र. सं.	खर्च शिर्षक	विनियोजित बजेट (रु. लाखमा)	कार्यक्रम	सम्पन्न गरिने क्रियाकलाप	कार्य सम्पन्न हुन लाग्ने समय	अपेक्षित उपलब्धि	जिम्मेवार निकाय	सहयोगी निकाय	कैफियत
				दरभाउपत्र स्वीकृत गर्ने र सम्झौता गर्ने					
				आवश्यक कम्प्युटर तथा ल्यापटप खरिद गर्ने					
८.५.१६.११	२९५११	६०	लिफ्ट जडान	स्पेशिफिकेशन तयार गर्ने	२०७५ फागुन मसान्तसम्म	मन्त्रालयमा लिफ्ट जडान हुने	प्रशासन तथा विकास सहायता शाखा	आर्थिक प्रशासन शाखा	
				स्पेशिफिकेशन स्वीकृत गर्ने					
				बोलपत्र माग गर्ने					
				बोलपत्र स्वीकृत गरी आपूर्ति सम्झौता गर्ने					
				लिफ्ट जडान					

शाखाको नामः संस्थान प्रशासन शाखा जिम्मेवार निकाय/व्यक्तिः संस्थान प्रशासन शाखा प्रमुख

LMBIS क्र. सं.	खर्च शिर्षक	विनियोजित बजेट (रु. लाखमा)	कार्यक्रम	सम्पन्न गरिने क्रियाकलाप	कार्य सम्पन्न हुन लाग्ने समय	अपेक्षित उपलब्धि	जिम्मेवार निकाय	सहयोगी निकाय	कैफियत
२.१५.३.६५	२२५२२	३	संसदीय समितिको निर्देशन तथा सो सम्बन्धमा भएको प्रगति सम्बन्धमा पुस्तक प्रकाशन	क) संसदीय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्न समिति गठन गर्ने ।	२०७५ पुष मसान्तसम्म	संसदीय समितिको निर्देशन तथा सो सम्बन्धमा भएको प्रगति सम्बन्धी पुस्तक प्रकाशन भएको हुने	संस्थान प्रशासन शाखा	योजना अनुगमन तथा मुल्याङ्कन शाखा तथा आर्थिक प्रशासन शाखा	
				ख) संसदीय समितिबाट निर्देर्शन भएको कार्यहरूको सम्बन्धमा सूचि तयार गर्ने					
				ग) निर्णय कार्यान्वयनको अवस्था तथा प्रगति विवरणको सूचि तयार गर्ने					
				घ) निर्णय कार्यान्वयनको अवस्था तथा प्रगति विवरणलाई एकिकृत गरी पुस्तकको ढाँचा तयार गर्ने ।					
				ङ) पुस्तकको छपाई तथा प्रकाशन					

शाखाको नामः योजना अनुगमन तथा मूल्याङ्कन शाखा जिम्मेवार निकाय/व्यक्तिः योजना अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख

LMBIS क्र. सं.	खर्च शिर्षक	विनियोजित बजेट (रु. लाखमा)	कार्यक्रम	सम्पन्न गरिने क्रियाकलाप	कार्य सम्पन्न हुन लाग्ने समय	अपेक्षित उपलब्धि	जिम्मेवार निकाय	सहयोगी निकाय	कैफियत
पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरू									
८.३.१.२०	२९३११	८४.५	सामुदायिक सूचना केन्द्र (CeC) को लागि आवश्यक फर्निचरहरूको दायित्व भुक्तानी	सामुदायिक सूचना केन्द्रसम्म सामान ढुवानी	२०७५ माघ मसान्तसम्म	मन्त्रालयबाट स्थापना भएका सामुदायिक सूचना केन्द्रसम्म सामान ढुवानी भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	सम्झौता भएमा मात्र दायित्व भुक्तानी गर्न सकिने ।
				भेरिफिकेसन					
				निकाशा दिने					

शाखाको नामः योजना अनुगमन तथा मूल्याङ्कन शाखा जिम्मेवार निकाय/व्यक्तिः योजना अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख

LMBIS क्र. सं.	खर्च शिर्षक	विनियोजित बजेट (रु. लाखमा)	कार्यक्रम	सम्पन्न गरिने क्रियाकलाप	कार्य सम्पन्न हुन लाग्ने समय	अपेक्षित उपलब्धि	जिम्मेवार निकाय	सहयोगी निकाय	कैफियत
८.५.१.४०	२९५११	६४०.८४	सामुदायिक सूचना केन्द्र (CeC) को लागि आवश्यक कम्प्युटर, प्रिन्टर, फोटोकपी मेसिन, सोलार ब्याकअप लगायतका उपकरणहरूको दायित्व भुक्तानी	सामुदायिक सूचना केन्द्रसम्म सामान ढुवानी भेरिफिकेसन निकाशा दिने	२०७५ माघ मसान्तसम्म	मन्त्रालयबाट स्थापना भएका सामुदायिक सूचना केन्द्रसम्म सामान ढुवानी भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	सम्झौता भएमा मात्र दायित्व भुक्तानी गर्न सकिने ।
चालु खर्च अन्तर्गतका कार्यक्रमहरू - (जम्मा विनियोजित बजेट रु. २८३९ लाख)									
प्रशासनिक खर्चहरू		५६७.५ लाख							
२.१५.१.१५	२२५१२	६	अनुगमन मुल्याङ्कन र मध्यकालिन खर्च संरचना सम्बन्धी तालिम	मन्त्रालय अन्तर्गतका निकायलाई तालिम दिने	२०७५ कार्तिक मसान्तसम्म	तालिम सञ्चालन भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.३०.१	२६४१२	५०	नेपाल टेलिभिजनलाई समावेशी प्रसारणको लागि अनुदान	प्रस्ताव प्राप्त गर्ने छलफल तथा प्रस्ताव स्वीकृत निकाशा दिने	२०७६ बैशाख मसान्तसम्म	नेपाल टेलिभिजनबाट समावेशी प्रशारण भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.३०.२	२६४१२	१७५	रेडियो प्रसार सेवा विकास समितिलाई समावेशी प्रसारणको लागि अनुदान	प्रस्ताव प्राप्त गर्ने छलफल तथा प्रस्ताव स्वीकृत निकाशा दिने	२०७६ बैशाख मसान्तसम्म	रेडियो नेपालबाट समावेशी प्रशारण भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.३०.३	२६४१२	४५०	गोरखापत्र संस्थानलाई विभिन्न भाषाका लेख रचना प्रकाशन गर्न अनुदान	प्रस्ताव प्राप्त गर्ने छलफल तथा प्रस्ताव स्वीकृत निकाशा दिने	२०७६ बैशाख मसान्तसम्म	गोरखापत्रबाट विभिन्न भाषाका लेख रचना प्रकाशन भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.३०.५	२६४१२	१००	चलचित्र वितरण र प्रदर्शनमा Box-Office प्रणाली लागू गर्न चलचित्र विकास बोर्डलाई अनुदान	प्रस्ताव प्राप्त गर्ने निकाशा दिने	२०७५ भाद्र मसान्तसम्म	चलचित्र वितरण र प्रदर्शनमा Box-Office प्रणाली लागू भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.३०.७	२६४१२	१००	चलचित्र नगरी निर्माणको लागि चलचित्र विकास बोर्डलाई अनुदान	प्रस्ताव प्राप्त गर्ने निकाशा दिने	२०७५ भाद्र मसान्तसम्म	चलचित्र नगरी निर्माण सम्बन्धी प्रतिवेदन तयार हुने ।			
२.१५.३०.९	२६४१२	५०	नेपाल टेलिभिजनबाट समावेशी र समृद्ध राष्ट्रका लागी	प्रस्ताव प्राप्त गर्ने सम्झौता गर्ने स्कृप्ट लेखन तथा स्वीकृत गर्ने	२०७६ जेठ मसान्तसम्म	नेपाल टेलिभिजनबाट सूचना प्रविधि कार्यक्रम निर्माण	प्र. तथा यो. महाशाखा /यो. अ.	आर्थिक प्रशासन शाखा	

शाखाको नामः योजना अनुगमन तथा मूल्याङ्कन शाखा जिम्मेवार निकाय/व्यक्तिः योजना अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख

LMBIS क्र. सं.	खर्च शिर्षक	विनियोजित बजेट (रु. लाखमा)	कार्यक्रम	सम्पन्न गरिने क्रियाकलाप	कार्य सम्पन्न हुन लाग्ने समय	अपेक्षित उपलब्धि	जिम्मेवार निकाय	सहयोगी निकाय	कैफियत
			सूचना प्रविधि कार्यक्रम निर्माण तथा प्रसारण अनुदान	कार्यक्रम प्रशारण निकाशा दिने		तथा प्रसारण भएको हुने ।	मू. शाखा		
२.१९.१.२४	२२६११	१७	नयाँ स्थापना हुने सामुदायिक सूचना केन्द्र (CeC) को निरीक्षण अनुगमन भेरिफिकेशन खर्च	ढुवानी भएका सामानको Field मा गएर भेरिफिकेशन	२०७५ पौष मसान्तसम्म	नयाँ स्थापना हुने सामुदायिक सूचना केन्द्र (CeC) को निरीक्षण अनुगमन भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१९.१.२६	२२६११	६.८	अन्तर्गत कार्यालय, आयोजना, कार्यक्रमको अनुगमन मूल्यांकन निरीक्षण		निरन्तर	अन्तर्गत कार्यालय, आयोजना, कार्यक्रमको अनुगमन मूल्यांकन तथा निरिक्षण भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	प्रशासन तथा अन्तराष्ट्रिय सम्बन्ध शाखा, आर्थिक प्रशासन शाखा	
८.२.२.२५	२६४२३	७००	तारीणी प्रसाद कोइराला संचार ग्राम स्थापनार्थ भवन निर्माणको लागि रेडियो नेपाललाई पुँजिगत अनुदान	हालसम्मको प्रगति माग गर्ने अनुदान दिने	२०७५ भाद्र मसान्तसम्म	रेडियो नेपाललाई पुँजिगत अनुदान दिइएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
८.२.२.३९	२६४२३	२००	गोरखापत्रको प्रादेशिक प्रकाशन कोहलपुरबाट शुरु गर्न भवन निर्माण	लागत इस्टिमेट तथा हालसम्मको प्रगति माग गर्ने रकम निकाशा दिने	२०७५ भाद्र मसान्तसम्म	गोरखापत्रको प्रादेशिक प्रकाशन कोहलपुरबाट शुरु गर्न भवन निर्माणको लागि रकम भुक्तानि दिइएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
८.५.१०.३	२६४२३	७५	गोरखापत्रको क्षेत्रीय प्रकाशन विराटनगरबाट शुरु गर्न पूँजीगत तथा मेशिनरी औजार	रकम प्रस्ताव माग हुने स्वीकृति दिने निकाशा दिने	२०७५ कार्तिक मसान्तसम्म	गोरखापत्रको क्षेत्रीय प्रकाशन विराटनगरबाट शुरु गर्न रकम भुक्तानी दिइएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
८.५.१०.१३	२६४२३	१०	गोरखापत्रको प्रादेशिक प्रकाशन विराटनगरबाट शुरु गर्न आवश्यक फर्निचर	रकम प्रस्ताव माग हुने स्वीकृत गर्ने निकाशा दिने	२०७५ असोज मसान्त	गोरखापत्रको प्रादेशिक प्रकाशन विराटनगरबाट शुरु गर्न फर्निचर खरिदको लागि रकम भुक्तानी दिइएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.४०.१०	२२५२२	२	द्वैमासिक चौमासिक वार्षिक प्रगती समिक्षा कार्यक्रम सञ्चालन	प्रथम चौमासिक प्रगति समिक्षा कार्यक्रम दोस्रो चौमासिक प्रगति समिक्षा कार्यक्रम	प्रत्येक चौमासिक	द्वैमासिक चौमासिक वार्षिक प्रगती समिक्षा कार्यक्रम सञ्चालन भएको हुने	प्र. तथा यो. महाशाखा /यो. अ.	आर्थिक प्रशासन शाखा	

शाखाको नामः योजना अनुगमन तथा मूल्याङ्कन शाखा जिम्मेवार निकाय/व्यक्तिः योजना अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख

LMBIS क्र. सं.	खर्च शिर्षक	विनियोजित बजेट (रु. लाखमा)	कार्यक्रम	सम्पन्न गरिने क्रियाकलाप	कार्य सम्पन्न हुन लाग्ने समय	अपेक्षित उपलब्धि	जिम्मेवार निकाय	सहयोगी निकाय	कैफियत
				वार्षिक प्रगति समिक्षा कार्यक्रम		।	मू. शाखा		
२.१५.४०.११	२२५२२	३	वार्षिक प्रगती समिक्षाको प्रगति विवरण प्रकाशन	विवरण संकलन वार्षिक प्रगति समिक्षा कार्यक्रम	२०७५ भाद्र मसान्तसम्म	वार्षिक प्रगती समिक्षाको प्रगति विवरण प्रकाशन भएको हुने	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.४०.१२	२२५२२	३	आगामी आ.व. को बजेट तर्जुमा छलफल अन्तरक्रिया गोष्ठी	बजेट तर्जुमा छलफल अन्तरक्रिया गोष्ठी	२०७५ पौष मसान्तसम्म	बजेट तर्जुमा छलफल अन्तरक्रिया गोष्ठी सम्पन्न हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.४०.१३	२२५२२	४.५	लैङ्गिक समानता र अपाङ्ग उत्थान, समावेशी लोकतन्त्रको सुदृढीकरण सम्बन्धी सम्बन्धी सन्देशमूलक कार्यक्रम निर्माण/ प्रसारण	अवधारणापत्र तयार गर्ने परामर्श दाताबाट प्रस्ताव अह्वान गर्ने परामर्श दाता छनौट तथा सम्झौता गर्ने कार्यक्रम स्वीकृति प्रशारण तथा रकम निकाशा	२०७६ जेठ मसान्तसम्म	लैङ्गिक समानता र अपाङ्ग उत्थान, समावेशी लोकतन्त्रको सुदृढीकरण सम्बन्धी सम्बन्धी सन्देशमूलक कार्यक्रम निर्माण तथा प्रसारण भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.४०.३३	२२५२२	३००	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायको सूचना एवं तथ्यांकहरूको Digital Archive बनाउने	हालसम्मको प्रगति तथा थप रकमको प्रस्ताव माग गर्ने छलफल तथा प्रस्ताव स्वीकृत निकाशा दिने	२०७६ वैशाख मसान्तसम्म	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र अन्तर्गतका निकायको सूचना एवं तथ्यांकहरूको Digital Archive तयार भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.४०.९७	२२५२२	२	आगामी आ.ब. को बजेट तर्जुमा तथा अतिरिक्त समयको लागि खाजा खाना खर्च (४० जनाका लागि)		२०७६ जेठ मसान्तसम्म	बजेट तर्जुमामा संलग्न व्यक्तिहरू प्रोत्साहित भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.४०.९८	२२५२२	४	स्थापित सामुदायिक सूचना केन्द्र (CeC) को प्रशासनिक खर्च		नियमित		प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.४०.१३०	२२५२२	४.५	मानव अधिकार सम्बन्धी जानकारी प्रदान गर्ने जनचेतना अभिवृद्धिमूलक	प्रारम्भिक छलफल गर्ने परामर्श दाताबाट प्रस्ताव अह्वान गर्ने परामर्श दाता छनौट तथा सम्झौता गर्ने	२०७६ जेठ मसान्तसम्म	मानव अधिकार सम्बन्धी जानकारी प्रदान गर्ने जनचेतना अभिवृद्धिमूलक	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	

शाखाको नामः योजना अनुगमन तथा मूल्याङ्कन शाखा जिम्मेवार निकाय/व्यक्तिः योजना अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुख

LMBIS क्र. सं.	खर्च शिर्षक	विनियोजित बजेट (रु. लाखमा)	कार्यक्रम	सम्पन्न गरिने क्रियाकलाप	कार्य सम्पन्न हुन लाग्ने समय	अपेक्षित उपलब्धि	जिम्मेवार निकाय	सहयोगी निकाय	कैफियत
			बृत्तचित्र निर्माण/प्रसारण	कार्यक्रम स्वीकृति प्रशारण तथा भुक्तानी		बृत्तचित्र निर्माण भई प्रसारण भएको हुने ।			
२.१५.४०.१४७	२२५२२	४.५	अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिहरूलाई लक्षित गरी सन्देशमूलक कार्यक्रम निर्माण तथा प्रसारण	प्रारम्भिक छलफल गर्ने परामर्श दाताबाट प्रस्ताव अह्रान गर्ने परामर्श दाता छनौट तथा सम्झौता गर्ने कार्यक्रम स्वीकृति प्रशारण तथा भुक्तानी	२०७६ जेठ मसान्तसम्म	अपाङ्गता (फरक क्षमता) भएका व्यक्तिहरूलाई लक्षित गरी सन्देशमूलक कार्यक्रम निर्माण तथा प्रसारण भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	
२.१५.४०.१५८	२२५२२	१.५	काठमाडौ उपत्यकाको तार व्यवस्थापनको समीक्षा	आवश्यकता अनुसार समीक्षा गर्ने	२०७६ असार मसान्तसम्म	काठमाडौ उपत्यकाको तार व्यवस्थापनको समीक्षा भएको हुने ।	प्र. तथा यो. महाशाखा /यो. अ. मू. शाखा	आर्थिक प्रशासन शाखा	

- भुक्तानी दिने सम्बन्धी सम्पूर्ण कार्य सम्बन्धित शाखाको शिफारिसमा मात्र आर्थिक प्रशासन शाखाबाट हुने ।
- अन्तर्गतका निकायको अनुगमन मूल्यांकन सम्बन्धमा नीति, योजना, अनुगमन तथा मूल्यांकन शाखाको सिफारिश अनिवार्यता गर्ने ।
- कार्यक्रम संशोधन तथा रकमान्तर गर्नुपर्ने भएमा नीति, योजना, अनुगमन तथा मूल्यांकन शाखालाई अनिवार्य रुपमा जानकारी गराउनु पर्ने ।

शाखाको नामः आर्थिक प्रशासन शाखा जिम्मेवार निकाय/व्यक्तिः आर्थिक प्रशासन शाखा प्रमुख

